# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र


खण्ड : ४ संखया :२२ फागुन १३, २०८१


## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/११/१२ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | लुम्बिनी प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आ.व. २०८२/०८३ मा सञ्चालन गरिने समपूरक अनुदानमा सञ्चालन हुने आयोजना/कार्यक्रम र विशेष अनुदानमा सञ्चालन हुने आयोजना/कार्यक्रमहरुको प्रस्ताव माग भएकोमा यस गुल्मीदरबार गाउँपालिकामा आ.व. २०८२/८३ मा सञ्चालन गरिने समपूरक अनुदान र विशेष अनुदानका आयोजना/कार्यक्रमको प्रस्तावहरु तपशिल बमोजिम रहेको र उक्त समपूरक योजना कार्यान्वयनका लागि आवश्यक रु.५,९६,२८,४३५।७६ बजेटको समेत सुनिश्चित गरी समपुरक अनुदानका योजनाहरु स्वीकृतीका लागि लुम्बिनी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा र विशेष अनुदानका आयोजना/कार्यक्रमहरु स्वीकृतीका लागि लुम्बिनी प्रदेश योजना आयोगमा पठाउने निर्णय गरियो । |

**समपूरक अनुदानका योजनाहरु**

| सि.नं. | योजनाको नाम | अनुमानित लागत रकम | गाउँपालिकाले व्यहोर्ने रकम | प्रदेश सरकारले व्यहोर्ने रकम |
|---|---|---|---|---|
| १ | दोवाटा माझपोखरी रेसुङ्गा एयरपोर्ट मोटर बाटो स्तरोन्नती | ३,३२,४४,८०९।८८ | १,६६,२२,४०४।९४ | १,६६,२२,४०४।९४ |
| २ | गौंडाकोट रेसुङ्गा मोटर बाटो स्तरोन्नती | ४,९४,२१,५४५।३५ | २,४७,१०,७७२।६७ | २,४७,१०,७७२।६७ |
| ३ | गलाम खड्काटोल टिमुरखर्क अमर अर्वाथोक मोटर बाटो स्तरोन्नती | ३,६५,९०,५१६।३१ | १,८२,९५,२५८।१५ | १,८२,९५,२५८।१५ |

विशेष अनुदानः

विशेष अनुदानका योजनाहरु

| सि.नं. | योजनाको नाम | अनुमानित लागत रकम | कैफियत |
|---|---|---|---|
| १ | आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन | ४००००००। | नयाँ |
| २ | गाउँपालिकास्तरिय एकघर एकधारा | ४०१३१८४।३५ | नयाँ |

| | |
|---|---|
| ३ | ४३औं राष्ट्रिय मगर एकता दिवश २०८१ साल फागुन १५ परेको हुँदा फागुन १५ गतेका दिन गुल्मीदरबार गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु, विद्यालय तथा सार्वजनिक संघ संस्थाहरुमा सार्वजनिक बिदा दिने र उक्त कार्यक्रम सञ्चालनको लागि रु.४००००।– जनजाती सचेतना खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । |
| ४ | गुल्मीदरबार गाउँपालिकाको लु १ झ ४२५ नं. गाडी अर्घाखाँचीको पाणिनी गाउँपालिकामा दुर्घटना भइ गाडी सडकबाट तल झरेको क्षति भएको र सो गाडीका सवारी चालक हिमाल राना सामान्य घाइते भइ उपचार गर्दा खर्च भएको रकम रु. २३५९५।– बिल भरपाइका आधारमा औषधि उपचार खर्च शिर्षकबाट भुक्तान दिने निर्णय गरियो । |
| ५ | राजा घुम्ति उरिमडाँडा बीरमान पुर्खे मोटर बाटो मर्मतको लागि लागत स्टिमेट बमोजिम लाग्ने खर्च रकम रु. १११५५०।–काम सम्पन्न भए पश्चात भुक्तानी गर्ने निर्णय गरियो । |

| | |
|---|---|
| ६ | गुल्मीदरबार गाउँपालिका वडा नं. निवासी विशाल थापाले रेसुङ्गा एग्रो फार्म सञ्चालन गरेको हुँदा निजले १ थान थेरेसर मेसिन मागरेको र गुल्मीदरबार गाउँपालिका वडा नं. ३ निवासी कमान सिं पुवारेले १ थान चाप कटर माग गरेको हुँदा अध्यक्ष युवा उद्यम खर्च शिर्षकबाट खरिद गरि उपलब्ध गराउने निर्णय गरियो |
| ७ | गुल्मीदरबार गाउँपालिका वडा नं. ६ निवासी बद्रि अर्यालको घुँडाको पाङ्ग्रा फेर्नको लागि बद्रि अर्यालको उपचार भइ रहेको हुँदा निजलाई आर्थिक सहयोग रु.३००००।– उपलब्ध गराउने निर्णय गरियो । |
| ८ | अध्यक्ष अशोक कुमार थापा छात्रवृत्ती कोष सञ्चालन कार्यविधि २०७९ को दफा ३ मा उपदफा ३ थप गरि गुल्मीदरबार गाउँपालिका भित्र स्थायी बसोबास भइ गाउँपालिका बाहिरको प्राविधिक विषयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई समेत यो कोषको रकमबाट छात्रवृत्ती वितरण गर्न सकिने छ । भन्ने बुँदा थप गरि कार्यविधि संशोधन गर्ने र तुराङ बहुप्राविधिक शिक्षालय चन्द्रकोट-८,गुल्मीमा ३ बर्षे डिप्लोमा तह कृषि पशु विज्ञान कार्यक्रममा अध्ययनरत गुल्मीदरबार गाउँपालिका वडा नं. १ निवासी प्रमिषा रजाली र स्पिना माझकोटीलाई रु.१२०००/१२०००।– का दरले अध्यक्ष अशोक कुमार थापा छात्रवृत्ती कोष सञ्चालन कार्यविधि २०७९ बाट बमोजिम सोही शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । |
| ९ | आर्थिक विकास समितिको मिति २०८१/१०/२२ को निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो । |
| १० | गुल्मीदरबार गाउँपालिकाको नेवारी संस्कृति लाखे नाचको संरक्षणका लागि रु.२००००।– उपलब्ध गराउने निर्णय गरियो । |
| ११ | गुल्मीदरबार गाउँपालिका वडा नं. २ को घोराहा फाँटमा सिंचाई हुने कुलो पहिरोले क्षतविच्छेद भएको हुँदा मर्मतको लागि लागत स्टिमेट बमोजिम रु.२५७०००।– र गुल्मीदरबार गाउँपालिका वडा नं. ७ को बाहुले खोला तटबन्ध खेत कुलो संरक्षणको लागि रु. ५००००।- सिंचाई खर्च शिर्षकबाट काम गराइ भुक्तानी गर्ने निर्णय गरियो । |
| १२ | गुल्मीदरबार गाउँपालिकाको हालसम्मको वित्तीय प्रगतिको बारेमा छलफल गरि जानकारी लिइयो । |
| १३ | गुल्मीदरबार गाउँपालिकाबाट बोलपत्र आव्हान गरि योजनाहरु सञ्चालन गर्दा जुन वडामा पर्ने योजना हो बोलपत्रबाट घटेको रकम सोहि योजनाको फरक खण्डमा नै खर्च गर्ने परिपाटीको अन्त्य गरि आवश्यकता अनुसार कार्यापालिकाको निर्णय बमोजिम गर्ने निर्णय गरियो । |
| १४ | गुल्मीदरबार गाउँपालिका वडा नं. ३ को कार्यालय सहयोगी नैना थापा बिरामी भइ उपचारको लागि रहेको र निजको २०८१ माघ देखि करार म्याद थप नभएको हुँदा निजको ठाउँमा गुल्मीदरबार गाउँपालिका वडा नं. ३ को मिना राना मिति २०८१ पुष १ गते देखि कामकाज गरि रहेको हुँदा निजलाई २०८१ पुष १ गते देखि मसान्तसम्म ५७७।– का दरले र २०८१ माघ १ गते देखि हाजिर भएको दिनको दैनिक रु.६६८।– दरले उपलब्ध गराउने निर्णय गरियो । |
| १५ | गुल्मीदरबार गाउँपालिका वडा नं. ५ को अमर अर्वाथोकमा स्वारस्थ्य कर्मी कम भएको र वडा नं. ६ को ठूलान आधारभूतमा एक जना बढी भएको हुँदा एक जना अमर अर्वाथोक स्वास्थ्य चौकीमा पठाउने निर्णय गरियो । |
| १६ | एकिकृत महिला स्वास्थ्य शिविर पाठेघरको मुखको क्यान्सर परिक्षण लगायतका सेवाहरु वडा नं. १ देखि ७ सम्म मिति २०८१/११/१९ गते देखि सञ्चालन गर्ने हुँदा जानकारी लिइयो । |

| | |
|---|---|
| १७ | गुल्मीदरबार गाउँपालिका वडा नं. ७ मा रहेको शहिद पार्कमा सरसफाइको लागि काम गराउँदा भएको खर्च रकम रु.२२६१२।- मर्मत संभार खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । |
| १८ | गुल्मीदरबार गाउँपालिकाका तपशिलका नागरिकहरुलाई सुरक्षित आवासको लागि जस्तापाता उपलब्ध गराउने निर्णय गरियो ।<br>तपशिलः<br>१. पार्वती दमाई वडा नं. ४ लाई ३ बण्डल<br>२. तुलसा खत्री वडा नं. ६ लाई ३ बण्डल<br>३. टिकीसरा थापा वडा नं. ७ लाई ४ बण्डल<br>४. सरस्वती अर्याल वडा नं. ७ लाई ३ बण्डल<br>५. उखाप महिला भवन निर्माण वडा नं. ७ लाई ४ बण्डल<br>६. धनिश्वर पाण्डे वडा नं. ६ लाई ३ बण्डल<br>७. टेक बहादुर सराङ्गकोटी वडा नं. ३ लाई १ बण्डल<br>८. सुष्मा झाँक्री वडा नं. ३ लाई २ बण्डल<br>९. टहल सिंह अधिकारी वडा नं. ४ लाई ३ बण्डल<br>१०.कमला दमाई वडा नं. ५ लाई ३ बण्डल |
| १९ | गुल्मीदरबार गाउँपालिका वडा नं. १ निवासी शेर बहादुर कुमाललाई सुरक्षित आवासको लागि आर्थिक सहायता रु.३००००।– विपद व्यवस्थापन खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो। |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत